मर्स्याङ्दी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

भुलभुले, लमजुङ

गण्डकी प्रदेश, नेपाल

# मर्स्याङ्दी गाउँपालिकाको कृषि ढुवानी सेवा सञ्चालन कार्यविधि, २०८२

पारित मितिः २०८२/०३/०३

## मर्स्याङ्दी गाउँपालिकाको कृषि ढुवानी सेवा सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना :**

कृषि पशुपालन र पर्यटनको बिकासमा उन्नति र प्रगति गरि सुखि जनता समृद्ध गाउँपालिका वनाउने लक्ष्यका साथ मर्स्याङदी गाउँपालिकाका कृषकहरुले उत्पादन गरेका विभिन्न कृषि उपजहरु स्थानीय बजारसम्म पुर्याउन सहज हुनेगरी गुणस्तरीय र सुरक्षित ढुवानीको पहुँच पुर्याई उत्पादनको समय र तत् पच्चात हुने क्षतिको न्युनीकरण गर्ने र कृषकहरुले पनि उत्पादनको उचित मूल्य पाउनुको साथै उपभोक्तालाई पनि उत्पादन सामाग्रीहरु सरल सहज र सहुलियत वा कृषकले बेचको दरमा उपलब्ध गराउने गरी किसान र उपभोक्ता दुबैलाई आत्मासन्तुष्टी दिलाउने उद्देश्यले मर्स्याङदी गाउँपालिकाले कृषि ढुवानी सेवा सञ्चालन गर्नकोलागी स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मर्स्याङ्दी गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको मर्स्याङ्दी गाउँपालिकाको "कृषि ढुवानी सेवा संञ्चालन कार्यविधि २०८२" तयार गरि जारि गरिएको छ।

### परिच्छेद - १
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम मर्स्याङदी गाउँपालिकाको "कृषि ढुवानी सेवा संञ्चालन कार्यविधि २०८२" रहेको छ ।

२) यो कार्यविधि गाउँ कार्यपालिकाले पास गरेपछी तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१) **"कृषि ढुवानी सेवा"** भन्नाले मर्स्याङदी गाउँपालिकाद्धारा सञ्चालित कृषि उपज ढुवानी गर्ने सवारी साधनलाई सम्झनु पर्दछ।

२) **"गाउँपालिका"** भन्नाले मर्स्याङदी गाउँपालिका लाई जनाउँछ ।

३) **"कृषक समूह"** भन्नाले व्यावसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्य प्रासीका लागी साझा चाहाना र आवश्यकता भएका व्यक्तिहरु मिलेर गठन भई आधिकारिक निकायमा दर्ता भएका मर्स्याङ्दी गाउँपालिका भित्रका कृषकहरुको सक्रिय समूहहरुलाई बुझाउँछ ।

४) **"सहकारी"** भन्नाले कृषि / पशुपन्छी सम्बन्धी कार्य गर्ने उद्देश्य प्रासि गर्नका लागी प्रचलित कानुन वमोजिम दर्ता भएको संस्थालाई सम्झनुपर्दछ साथै सो शब्दले कृषि कार्य समेत गर्ने उद्देश्य रहेको बहुउद्देशीय सहकारी संस्थालाई समेत बुझाउँछ ।

५) **"छाता संगठन"** भन्नाले गाउँपालिका भित्रका विभिन्य कृषि सहकारी / कृषक समुह/ कृषि फर्म वा कम्पनीको प्रतिनिधि (५ वा ७ जना) वाट गठन भएको साझा संगठनलाई बुझाउनेछ ।

६) "**कृषि उपज**" भन्नाले बजारीकरणको उद्देश्य राखी उत्पादन गरिएको वा कुनै पनि किसिमका कृषि/पशु मौरीजन्य उत्पादन तथा मौरिजन्य सामाग्रीहरु, औद्योगिक प्रयोजनका लागी प्रयोग हुने कृषिजन्य कच्चा पदार्थ वा वस्तु समेतलाई सम्झनुपर्दछ ।

७) "**आवेदक**" भन्नाले कृषि ढुवानी सेवा सञ्चालन गर्नका लागी मर्स्याङ्दी गाउँपालिकाको कार्यालयमा रोजगारीको लागी आवेदन दिएका व्यक्तिलाई सम्झनुपर्दछ।

८) "**सहयोगी**" भन्नाले कृषि ढुवानी सेवाको लागी गाउँपालिकाले खटाएको ब्यक्ती/कर्मचारी भन्ने बुझिन्छ ।

९) "**सञ्चालक**" समिति भन्नाले कृषि ढुवानी सेवा सञ्चालन गर्नका लागी गाउँपालिकाबाट छनौट भई गठन भएको समितिलाई सम्झनुपर्दछ।

१०)"**छनौट समिति**" भन्नाले मर्स्याङ्दी गाउँपालिकाको कर्मचारी छनौट समितिलाई बुझिन्छ ।

११) "**सल्लाहाकार समिति**" भन्नाले गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र प्रमुख कार्यकारीको ३ सदस्य समितिलाई जनाउँछ ।

**३. उद्देश्य :** यसकार्यविधि अनुसार सेवा सञ्चालनको उद्देश्य देहाय बमोजिम हुनेछ ।

१) नाशवान कृषि उपजहरु, पशुपन्क्षीजन्य उत्पादन, माछा तथा मौरिको गोला र मौरिजन्य उत्पादन, ढुवानीलाई सहज गुणस्तरीय सुरक्षित र छिटो छरितो हुने गरी व्यवस्था गर्ने ।

२) कृषकहरुद्धारा उत्पादित कृषि उपजहरुलाई स्वच्छ ताजा र गुणस्तरीय अवस्थामा नै सरल सहज र सहुलियत वा फार्मरेट मुल्यमा उपभोक्ता सम्म पुर्याउने ।

३) साना तथा मझौला कृषकहरुले उत्पादन गरेको साना परिमाणको उत्पादन पनि बिक्री हुने भएकोले कृषकहरुलाई कृषि कार्यमा प्रोत्साहित गराउने ।

४) कृषि उपजको उत्पादनोपरान्त हुने क्षति न्यूनीकरण गर्न र वजार तथा प्रशोधन स्थल सम्म पुर्याउँदा हुने नोक्सानीबाट जोगाउने ।

५) किसानहरुलाई मेरो कृषि फसल बिक्री हुदैनकि भन्ने भयबाट मुक्ती दिलाई सही किसिमले बजार ब्यवश्थापन गर्ने ।

६) किसान र उपभोक्ता दुवै समुहलाई सन्तुष्ट हुनेगरी कार्य गर्ने ।

## परिच्छेद -२

## सेवा सञ्चालन हुने क्षेत्र

**४. सेवा क्षेत्रः**

यो ढुवानी सेवाले मर्स्याङदी गाउँपालिका भित्रका सम्पुर्ण वडाका टोलहरुलाई समेट्नेछ।

**५. कर्मचारी माग गर्ने :**

१) कृषि ढुवानी सेवा सञ्चालनको लागी मर्स्याङदी गाउँपालिका स्थानीय पत्रिका रेडियो एफ एम तथा अनलाइन पत्रिका मार्फत कृषि ढुवानी सेवा सञ्चालनका लागी बढिमा ७ दिने म्याद दिई बिज्ञापन आव्हान गरी सवारी चालक प्रमाणपत्र लाईसेन्स भएका व्यक्तिहरुको लागी र सहयोगीको लागी कृषि क्षेत्रमा अनुभव भएकाहरुलाई सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ। उक्त सूचना गाउँपालिकाको कर्मचारी छनौट समितिले वेबसाइट, फेसबुक पेज र, सूचनापाटीमा पनि टाँस गर्नुपर्नेछ।

२) सूचना प्रकाशन पश्चात आवेदकले निवेदन साथ देहायबमोजिमका कागजातहरु पेश गर्नु पर्नेछ ।

(क) रित पुगेको निवेदन,

(ख) सवारी चालक अनुमतिपत्र, (लाईसेन्स्)

(ग) नागरिकताको प्रतिलिपि,

(घ) प्रतिवद्धता पत्र ।

६. मूल्याङ्कन :

(क) समितिले आवश्यकता अनुसार परिक्षा र अन्तरवार्ता तथा फिल्ड मूल्याङकन गरी छनौट गर्नेछ ।

(ख) सल्लाहाकार समितिको बैठबाट स्वीकृत भएपछि सम्बन्धित आवेदकलाई जनाकारी गराईने छ र करारनामा गरी नियुक्तिपत्र दिएपछि काममा खटाईने छ ।

## परिच्छेद -३

## संस्थागत व्यवस्था

७. ढुवानीसेवा सञ्चालन, व्यवस्थापन र मूल्याङकन समिति गठनः

(१) ढुवानी सेवा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन समितिको गठन देहाय बमोजिम हुनेछ।

| | | |
|---|---|---|
| (क) | आर्थिक विकास समितिका संयोजक | -संयोजक |
| (ख) | योजना शाखा प्रमुख | -सदस्य |
| (ग) | पशुपन्छी तथा मत्स्य विकास शाखा प्रमुख | -सदस्य |
| (घ) | कृषि सन्जालको अध्यक्ष | -सदस्य |
| (ङ) | कृषि विकास शाखा प्रमुख | -सदस्य सचिव |

**मुख्य सल्लाहाकारहरुः**

(क) गाउँपालिका अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष

(ग) गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत



CamScanner

(२) ढुवानी सेवा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) आवश्यकता अनुसार सेवा सञ्चालन र गतिविधिको अनुगमन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्ने ।

(ख) सेवा सञ्चालनको क्रममा उत्पादक कृषकसँग खरिद गरिएको मूल्य र उपभोक्तासँग गरेको विक्रि मूल्यको निगरानी राख्ने, यदि अनुचित मूल्यमा कारोवार गरेको पाईएमा समितिले तोके बमोजिम कारवाही गर्ने ।

(ग) चालकले प्रत्येक दिन दिएको विवरण राख्ने र मासिक प्रतिवेदन सल्लाहाकार समितिमा पेस गर्ने ।

(घ) परिच्छेद १ को दफा ३ मा उल्लेख भएका उदेश्य वाहेकका प्रयोजनका लागि ढुवानी सेवा प्रयोग नगर्ने ।

(ङ) आवश्यक परेको खन्डमा सञ्चालक समितिको काम र कर्तव्य तोकेर फिल्डमा खट्ने ।

(च) सञ्चालक समितिवाट चौमासिक रुपमा पेस भई आएका प्रतिवेदन उपर समिति र सल्लाहाकार समिति सम्युक्तरुपमा छलफल गरी आवश्यक सल्लाह सुझाव दिने र योजना वनाउने ।

**८. सञ्चालक समिति :** पाँच जनाको सञ्चालक समिति र तीन जनाको सल्लाहाकार समिति गठन हुनेछ ।

**१) सञ्चालक समितिको काम र कर्तव्य:**

(क) कृषक र उपभोक्ताको हितको लागी जिम्मेवारीपुर्ण भई कार्य गर्ने।

(ख) ढुवानी सेवा सञ्चालनका लागी आवश्यक पर्ने चालक, सहचालक, इन्धन, चालक / सहचालकको सेवा सुविधा लगायत आवश्यक सम्पूर्ण स्रोत साधनहरुको व्यवस्था गर्ने।

(ग) उत्पादित वस्तुको संकलनको लागि कृषक, संकलन केन्द्र, कृषि फर्म वा उत्पादकहरु सँग समन्वय गर्ने र सम्पर्क राख्ने ।

(घ) सङ्कलित उपजहरुको व्यापारका लागि व्यक्ति, सहकारी, संघ संस्था, कम्पनी वा व्यपारीहरुसँग समन्वय गर्न सम्पर्क वढाउने ।

(ङ) व्यवस्थित सेवा सञ्चालनका लागी गाउँपालिका, कृषि विकास शाखा, पशुपन्छी तथा मत्स्य विकास शाखा र वडा कार्यलयहरु सँग नियमित समन्वयमा रहने ।

(च) दैनिक रुपमा ढुवानी साधनको धुलाइ, सरसफाई गरी सफा राख्ने वा राख्न लगाउने।

(छ) ढुवानी साधनको काम नभएको अवस्थामा सुरक्षीत स्थानमा पार्किङ्गको व्यवस्था गर्ने।

(ज) ढुवानी साधनको ब्लू बुक, नवीकरण, विमा, मर्मत र सरकारी करहरु नियमितरुपमा तिर्ने ।

(झ) कृषि ढुवानी सेवा सञ्चालनका क्रममा भई आएका आम्दानी तथा खर्च विवरण विल भरपाईका साथ सेवा कार्यान्वयन, व्यवस्थापन र मूल्याङ्कन समितिमा सचिव मार्फत चौमासिक रुपमा प्रगति प्रतिवेदन सहित प्रस्तुत गर्ने र सल्लाहाकार समितिमा पेश गर्ने।

(ञ) कृषि ढुवानी सेवा सञ्चालनको क्रममा भई आएका समस्याको तुरुन्तै हल गर्नुपर्ने।

(ट) समितिले आफुवाहेक अन्य व्यक्ति/फर्म/ कम्पनी आदी लाई सवारी साधन सञ्चालनका लागि जिम्मा दिन पाउने छैन ।

(ठ) आवश्यकता अनुसार वडा तहमा पनि तरकारी तथा फलफुल विक्री केन्द्रको स्थापना गराउन प्रोत्साहन दिने ।

**२) चालकको पारिश्रमिक तथा सेवा सुविधा:** चालक, सहचालक तथा अन्य सहयोगी कर्मचारीको तलव तथा थप सेवा सुविधा कार्यपालिकाको निर्णय वमोजिम सञ्चालक समितिले तोके अनुसार हुनेछ ।

**३) चालक /कर्मचारीको काम र कर्तव्य:**

(क) आर्थिक पारदर्शितामा ईमान्दार, असल चरित्र प्रदर्शन गरी पुर्ण जिम्मेवारी भई सञ्चालक समितिले अह्राएको- खटाएको कार्यमा ढुवानी साधन चलाउने वा सो वमोजिम आदेश -निर्देशनको पालना गर्ने ।

(ख) सामाग्री ढुवानी, ओसार पसार गर्दा समय, सहि दरभाउ कायम गरी विजक जारी गर्ने। हरेक सामान लिएपछि विल अनिवार्य दिनु पर्नेछ।

(ग) दैनिक क्रियाकलापमा भए गरेका आम्दानी तथा खर्चको विल भौचर चुस्त दुरुस्त राखे र दैनिक तथा मासिक रुपमा ढुवानी साधनको स्थीति तथा कारोवारमा प्रगति विवरण सञ्चालक समिति समक्ष प्रस्तुत गर्ने।

**९. चालकले अनिवार्य अवलम्बन गर्नुपर्ने नियमहरु**

(क) सवारी साधन तथा ढुवानी साधन चलाउने जिम्मेवारी पाएको आधिकारिक चालकले मात्र चलाउन पाउने छ र चालकले पनि समितिको अनुमति बिना वा विना काममा ढुवानी साधन चलाउन पाउने छैन ।

(ख) चालकले अन्य व्यक्तिलाई कुनै पनि वेला, ठाउँ र परिवेशमा सवारी चलाउन दिन मिल्ने छैन ।

(ग) नेपाल सरकारले जारी गरेका यातायात सम्वन्धी नियमहरुको अक्षरस:पालना गर्नु पर्नेछ।

(घ) सञ्चालक समितिले सिफारिश गरेको व्यक्तिहरु वा अन्य कुनै सामान अनुमति बिना बोक्न पाईने छैन ।

(ङ) लोडेड वा अनलोडेड साधनलाई अनियन्त्रित गतिमा कुदाउन पाईने छैन र सडकको अवस्था हेरविचार गरी पुर्वसावधानी अनिवार्य अपनाउनु पर्नेछ।

(च) सवारी चालकले अनुशासित र सभ्य भइ कृषकहरुसँग नरम र शिष्टाचार भाषाको प्रयोग गर्नुपर्नेछ ।

(छ) वर्षाको समयमा मुल शडक वाहेक कच्चीबाटोहरुमा सामाग्री ढुवानी गर्न बाध्य हुने छैन।

१०. भाडादर निर्धारण : कृषि ढुवानी यातायात साधन सञ्चालन गर्दा निम्नानुसार भाडादर निधारण गर्न सकिनेछ । भाडादर निर्धारण गर्दा समितिले दुरीको,तौलको,सङ्ख्याको र वजारको अवस्था अनुसार समय सन्दर्भको परिवर्तनलाई मध्यनजर गरी भाडादर निर्धारण गर्नेछ र सोहि नियमलाई आधार मानी ढुवानी सेवा सन्चालन हुनेछ। कुनै कारणवस समस्या आईपरेमा सल्लाहाकार समिति र कार्यपालिकाले समेत भाडा तोक्न सक्नेछ।

१. दुरीको आधारमा

| क्र. सं. | देखि | सम्म | जम्मा किलोमिटर | प्रति किलोमिटर रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

२. तौलको आधारमा

| क्र. सं. | देखि | सम्म | जम्मा तौल | प्रति के जी | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

३. संख्याको आधारमा

| क्र. सं. | देखि | सम्म | जम्मा संख्या | प्रति संख्या रु | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

४. बजार दररेटको आधारमा (रिजर्भ)

| क्र. सं. | देखि | सम्म | रु | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

११. अनुदान र मापदण्ड: विभिन्न कृषक फर्म र समुहहरुको सक्रियताको मूल्याङ्कन गरेर गाउँपालिकाले कृषि ढुवानी सेवा सञ्चालन तथा मूल्याङ्कन समितिको निर्णय अनुसार वडा स्तरमा कृषि सङ्कलन केन्द्र तथा

अर्जुन गुरुङ
अध्यक्ष

हाटबजार सञ्चालन वा सञ्चालन कार्यमा आवश्यक पर्ने अन्य कुराहरुमा सहयोग, अनुदान तथा पुरस्कार समेत प्रदान गर्न सक्नेछ।

## परिच्छेद - ४

## अनुगमन र विविध

**१२. अनुगमन तथा मूल्याङ्कन :**

१) गाउँपालिका स्तरीय समितिले वडा तहमा जनप्रतिनिधिहरुको सहयोग तथा समन्वयमा यस कार्यविधि अनुसार संचालित ढुवानी सेवाको अनुगमन तथा मूल्याङ्कन गर्नेछ। साथै सल्लाहाकार समितिले थप निगरानि र अनुगमन गर्न सक्नेछ।

२) अनुगमन निरिक्षणको प्रतिवेदन मूल्याङ्कन समितिले मासिक छलफल गरी कम्तिमा ४ महिनाको एकपटक सल्लाहाकार समिति सहित छलफलकोलागि पेश गर्नेछ ।

**१३. मर्मत तथा सम्भार:** कृषि ढुवानी सेवाको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी सञ्चालनको लागी खटिएका चालक,सहयोगी र कर्मचारीको हुनेछ। यदी जटिल समस्या आएमा समिति र सल्लाहाकार समितिको सम्युक्त बैठक बसेर समस्याको समाधान गरीनेछ।

**१४. विशेष अवश्थामा अन्य काममा प्रयोग गर्न सकिने:**

(१) यस कार्यविधिमा जे कुरा लेखिएतापनि गाउँपालिकाद्धारा सञ्चालित हुने अत्यावश्यक कृषि तथा पशु सम्बन्धित कार्यको लागी कृषि विकास शाखा र पशुपंक्षी तथा मत्स्य विकास शाखाले कृषि ढुवानी सेवाको प्रयोग गर्न सक्नेछ।

(२) यदी प्राकृतिक प्रकोप र अन्त्य बिपत्तिजन्य अवश्था आईपरेमा यस ढुवानी सेवालाई कुनैपनि समयमा गाऊँपालिकाले प्रयोग गर्न सक्ने छ।

(३) यस कार्यविधि कार्यान्वयन सम्वन्धमा कुनै दुविधा भएमा सो को निरुपण गाउँपालिकाको निर्णय बमोजिम हुनेछ।

**१५. संशोधन:** यो कार्यविधि गाउँपालिकाबाट आवश्यकता अनुसार संशोधन तथा खारेजी गर्न सकिनेछ ।

**१६. अधिकार:** यस कृषि ढुवानी सेवा संञ्चालनको लागी आवश्यक कर्मचारी, सहयोगी, चालक आवश्यकता अनुसार समिति तथा सल्लाहाकार समितिको निर्णय बमोजिम मर्स्याङ्दी गाउँपालिकाको "गाउँपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्वन्धी कार्यविधि,२०७४"बमोजिम हुनेछ ।

**१७. अमान्य हुने:** यस कार्यविधिमा लेखिएका कुनैपनी कुराहरु सङ्घिय, प्रादेशिक वा स्थानिय ऐन कानुन सङ्ग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

अर्जुन गुरुङ
अध्यक्ष



CamScanner